

# ९ करारको चिन्ह

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति २:२,३, प्रस्थान २०:११, हिब्रू ४:१-४, प्रस्थान ३१:१२-१७ र व्यवस्था ५:१४।

***यस अध्यायको मूल सार पद:*** **"त्यसकारण इस्राएलीहरूले शबाथ मानून्, र त्यो दिन आफ्ना सारा पुस्ताभरि अविराम वा निरन्तर करारको रूपमा मान्ने गरून्" (प्रस्थान ३१:१६)।**

हप्ताको सातौं दिन साबथ प्रत्येक हप्तामा नबिराएकन ठ्वाकठ्वाक गरेर ठोकिने किला जस्तो हो। हामी को हौं र कहाँ हुनुपर्छ भनेर देखाउने शुत्र नै साबथ हो। हप्ताभरि हामी यताउती डगुरेर व्यस्त हुन्छौं, पैसा खर्च गरिरहन्छौं, पैसा कमाइ रहेका हुन्छौं, कहिले कता कहिले कता गइरहन्छौं। तर किलाले ठ्वाक्क ठोकेको जस्तो हप्ताको एक फेर साबथ आउँछ। त्यसले हाम्रो जग वा हामी कहाँबाट आएका हौं भनेर फेरि सम्झना गराउँछ। हामी कहाँबाट सुरु भएका हौं भनेर प्रत्येक थोकलाई सुरूगर्ने स्थान नै हाम्रो निम्ति साबथ हुन आउँछ किनभने हाम्रो निम्ति कुनै थोकको महत्त्व छ भने त्यो किनभने परमेश्वरले सृष्टि गर्नुभएको थियो र हाम्रो निम्ति उहाँले नै सुरू गर्नुभएको थियो।

कहिल्यै नरोकिने वा आज त साबथ होइन भन्ने बिचारलाई ठाउँ नदिइकन नियमित रूपमा साबथ चुपचापसँग हाम्रो जीवनको क्षितजमा आउँदछ र हाम्रो जीवनको प्रत्येक पक्ष वा कुनाकुनालाई त्यस दिनले असर पारेको हुन्छ। हाम्रो जीवनको प्रत्येक कुनाकुना वा पक्ष परमेश्वरको हो भनेर साबथले हामीलाई याद दिलाउँछ। स्वर्ग र पृथ्वी सृष्टि गर्न परमेश्वरले नै हो भनेर देखाउन सुरूमै हामीलाई यस पृथ्वीमा राख्नुभएको थियो। सबै इसाई शिक्षाका अकाट्य वा हल्लनै नसक्ने विश्वासको जग साबथ हो। हप्ताको एक फेरा

ठोक्ने किला जस्तै यो साबथलाई कसैलाई हल्लाउन सकिँदैन, जबरजस्ती यसलाई बेढङ्ग बनाउन सक्दैन र कसैले झुकाउन नसक्ने चिन्ह साबथ हो।

सिनैमा गरिएको करारको सन्दर्भमा साबथलाई यस अध्यायमा नियाल्नेछौं।

<u>यस अध्यायको झलक:</u> *साबथको उत्पत्ति कहाँ भयो? सिनै पहाडमा भएको कारोबारभन्दा पहिले साबथ थियो भन्ने प्रमाण के छ? करारको उपयुक्त चिन्ह साबथ कसरी बन्न पुगेको छ?*

## १. साबथको उत्पत्ति

साबथलाई कतिपय मानिसहरू चाहे ती इसाईहरू नै किन नहुन् "त्यो त पुरानो यहूदीको निम्ति दिएको साबथ हो" भनेर साबथको अबधारणालाई पन्छाउन चाहन्छन्। तर कुनै पनि यहूदी जातको निर्धारण गर्नु वा अस्तित्व हुनुभन्दा धेरै समय पहिले अघि नै साबथ थियो भनेर बाइबलले स्पष्टरूपमा देखाउँदछ। यसको उत्पत्ति सृष्टि, सृष्टिको हप्ताभित्रै गाभिएको पाउँछौं।

**साबथको अस्तित्व वा सुरू कहाँ भयो भनेर स्पष्टरूपमा र विवादस्पद नभइकन उत्पत्ति २:२,३ र प्रस्थान २०:११मा कसरी देखाउँछ? हेर्नुहोस्, "२ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो" (उत्पत्ति २:२-३) र "१० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो" (प्रस्थान २०:१०-११)।**

उत्पत्ति २:२,३मा "सातौं दिनलाई" साबथ भनेर नै चिनारी नगरिएतापनि (यो चिनारी पहिलो पल्ट प्रस्थान १६:२६,२९मा दिइएको थियो) सातौं दिनमा परमेश्वरले बिश्राम लिनुभयो भनेर (उत्पत्ति २:२) स्पष्टरूपमा

उल्लेख गरिएको छ। *बिश्राम* (हिब्रूमा शबाट shabat) भन्ने शब्द साबथ नामसँग सम्बन्धित छ (हिब्रूमा शाब्बट shabbat)। "साबथ भन्ने शब्द उत्पत्ति २:२,३१मा उल्लेख गरिएको छैन तैपनि यही साबथ दिनलाई परमेश्वरले आशिष दिनुभएको थियो र पवित्र पार्नुभएको थियो भनेर लेखकले भन्न चाहेका थिए भनेर देखाउँछ।"- जी.एफ. वाटरमान, *द जोन्डरभान पिक्टोरियल इन्साइक्लोपिडिया अभ द बाइबल (*ग्राण्ड रापिडस्, मिशिगनः जोन्डरभान, १९७५), ठेली १८३बाट रूपान्तरित। तर सबै मानव कल्याणको निम्ति साबथको दिनलाई परमेश्वरले स्थापना गर्नुभएको थियो भनेर उत्पत्ति २:२,३ले सिकाउँदछ।

मर्कूस २:२७मा येशूले साबथ मानिसको निम्ति भनेर ठोकुवा गर्नुभएको थियो। साबथ अझरसरूपमा मानिसकै निम्ति सृष्टि गरिएको थियो भनेर येशूले भन्नुहुन्छ। "मानिस" भनेर उहाँले सम्बोधन गर्नुहुँदा सारा मानव जगतलाई इङ्गित गरेको देखाउँछ केवल यहूदीहरूलाईमात्र होइन।

**परमेश्वर आफै सातौं दिनमा किन बिश्राम लिनुभयो? उहाँलाई के बिश्रामको आवश्यक थियो त? उहाँको बिश्राम भन्दा त्यसले अरू के देखाउँछ?**

सृष्टिको काम पूरा भएपछि परमेश्वरलाई शारीरिक बिश्राम चाहिएको थियो भनेर बाइबलका धेरै व्याख्याकारहरूले टिप्पणी गरेका छन्। तर त्यो बिश्राम उहाँको लागि नभएर मानव जगतलाई परमेश्वरबाट उदाहरणको निम्ति बिश्राम लिनुभएको भन्ने त्यसको सत्य अर्थ मान्नुपर्छ (जसरी येशूलाई बप्तिस्माको खाँचो थिएन तर उदाहरणको निम्ति लिनुभएको थियो-अनुवादकको थप)। मानव जगतले छ दिन काम गर्नुपर्छ ताकि सातौं दिनमा उसले बिश्राम लिनसकोस् भनेर पनि साबथको सन्देशले स्पष्ट पार्दछ। बाइबलका विद्वान कार्ल बाथको मन्तव्यमा सृष्टिको अन्त्यमा परमेश्वरले बिश्राम लिनुभएको अर्थ "अनुग्रहको करार" हो भनेर भनेका छन्। यसमा मानव जगत परमेश्वरको बिश्राममा सहभागी हुन उहाँले आमन्त्रण गर्नुभएको थियो (चर्च डग्माटिकस्, ठेली ३, भाग १ (इडिनबर, स्कटल्याण्डः टी एण्ड टी, १९५८, पृ. ९८)।

परमेश्वरले प्रेम गर्नुभएकोले नै नर र नारीलाई आफूसँग बिश्रामद्वारा सङ्गति गर्न र उहाँसँग पारस्परिक वैचारिक आदानप्रदान गर्न तिनीहरूको सृष्टिको भोलिपल्ट साबथ दिनुभएको थियो। नर र नारी उहाँको स्वरुपमा सृष्टि गरिएको हुनाले उहाँसँग सङ्गति गर्न उपयुक्त थियो। त्यस खालको पारस्पपरिक घनिष्ठ सम्बन्ध सदाको निम्ति तोकिएको थियो। मानवको पतन भएपछि पनि

साबथ कायमै भएकोले त्यस दिन आफ्नो जीवन मुक्तिदातालाई समर्पित गरिएको छ भनेर देखाउन हप्ता हप्तामा आउने परमेश्वरसँग विशेष सम्पर्क गरिराख्न त्यो दिन अलग गरिएको थियो।

**यदि कसैले तपाईंलाई साबथले गर्दा तपाईंको सम्बन्ध परमेश्वरसँग मजबुत भएको छ कि छैन भनेर सोध्यो भने तपाईंले के जवाफ दिने?**

## २. सिनैभन्दा पहिले साबथ

**"तब तिनले तिनीहरूलाई भने, "परमप्रभुले अह्राउनुभएको कुरा यही होः 'भोलि विश्रामको दिन हो, परमप्रभुको निम्ति एक पवित्र शबाथ हो। जे पकाउनु छ, सो पकाओ, र जे उमाल्नु छ, सो उमाल। जति उब्रिन्छ त्यो आफ्नो निम्ति बिहानसम्मलाई राख'" (प्रस्थान १६:२३)।**

प्रस्थान १६ सरसर्ती पढ्नुहोस्। यसमा सिनै पर्वतको सामु परमेश्वरले उपलब्ध गराउनुभएको मन्नाको बारेमा चर्च गरिएको छ। यस वर्णनमा के प्रकट गरिएको छ सो हेर्नुहोस्ः

दिनदिनै त्यस दिनलाई चाहिएको मन्नामात्र जम्मा गर्नुपर्थ्यो। तर छैथौं दिनमा त्यसको दोबर जम्मा गर्न सकेको थियो।

साबथमा मन्ना आकाशबाट झरेको थिएन।

अ. साबथमा चाहिने मन्ना छैथौं दिनमा थप जम्मा गर्दा त्यो साबथमा ढुसी परेको वा बिग्रेको थिएन। तर छ दिनभित्र कुनै बिहान भोलिलाई पनि आजै जम्मा गर्छु भनेर मन्ना जम्मा गर्दा त्यो भोलिपल्ट बिग्रिएको थियो।

**सिनै पहाडमा दश आज्ञा दिनुभन्दा अघि जसमा साबथको गरिमा र पवित्रता समावेश भएकोछ, साबथको बारेमा प्रस्थान १६:२३-३०ले के प्रकट गर्दछ? हेर्नुहोस्, "२३ तब तिनले तिनीहरूलाई भने, "परमप्रभुले अह्राउनुभएको कुरा यही होः 'भोलि विश्रामको दिन हो, परमप्रभुको निम्ति एक पवित्र शबाथ हो। जे पकाउनु छ, सो पकाओ, र जे उमाल्नु छ, सो उमाल। जति उब्रिन्छ त्यो आफ्नो निम्ति बिहानसम्मलाई राख'।" २४ मोशाले आज्ञा गरेझैं त्यो तिनीहरूले बिहानसम्मै छोड़िराखे। त्यो गन्हाएन र त्यसमा कुनै कीरा पनि लागेन। २५ तब मोशाले भने, "त्यो आज खाओ, किनकि आज परमप्रभुको निम्ति शबाथ हो। आज त्यो तिमीहरूले भूमिमा पाउनेछैनौ। २६ छ दिनसम्म तिमीहरूले त्यो बटुल, तर सातौं दिन शबाथ हो, र त्यसमा केही हुनेछैन।" २७ तरै पनि सातौं दिनमा मानिसहरूमध्ये कति जना त्यो बटुल्न गए, तर केही पाएनन्। २८ तब**

परमप्रभुले मोशालाई भन्नुभयो, “कहिलेसम्म तिमीहरू मेरा आज्ञा र मेरा आदेशहरू मान्न अस्वीकार गर्नेछौ? २९ याद राख, कि परमप्रभुले तिमीहरूलाई शबाथ दिनुभएको छ। यसैकारण परमप्रभुले तिमीहरूका निम्ति छैटौं दिनमा दुई दिनको भोजन दिनुहुन्छ। सातौं दिनमा तिमीहरू हरेक जहाँ छौ त्यहीं नै बसिरहनू, कुनै पनि मानिस आफ्नो डेराबाट बाहिर नजाओस्।” ३० यसकारण मानिसहरूले सातौं दिनमा विश्राम गरे।"

"सातौं दिन साबथ भनेर इस्राएलीहरूलाई परमेश्वरले स्पष्ट पार्नुभएको थियो। अनि सातौं दिनमा परमेश्वरको आदेश अनुसार मानिसहरू बिश्राम गरे भनेर लेखिएकोमा साबथ सृष्टिको समयमानै स्थापना गरिएको थियो भन्ने कुरो विवादरहित बन्न गएको छ।"-जी.एफ. वाटरमान, *द जोन्डरभान पिक्टोरियल इन्साइक्लोपिडिया अभ द बाइबल,* ठेली ५, १८४बाट रूपान्तरित।

प्रस्थान १६मा साबथको बारेमा केवल सतहमामात्र हेर्नेभन्दा धेरै गहिरो सत्यहरू घुसिएको छ। यसले हामीलाई के सिकाउँछ, हेर्नुहोस्:

अ. कुनदिन तयारीको दिन वा साबथ आउनुभन्दा अघि साबथको निम्ति तयारी भएर बस्ने दिन हो?

आ. हप्ताको कुन दिन साबथ हो?

इ. साबथको श्रोत कहाँ थियो?

ई. साबथ कस्तो खालको दिन हुनुपर्ने थियो?

उ. ल भोलि त साबथ दिन हो हामी उपबास बस्नु पर्छ भनेर तोकिएको छ?

ऊ. के साबथ हामी परमेश्वरप्रति बफादार छौं र उहाँको वचन पालन गर्छौं भनेर देखाउने परिक्षाको रूपमा खडा भएको छ?

आजको परिबेशमा प्रस्थान १६मा सिकाइएको साबथको बारेमा आत्मज्ञान तपाईंको बुझाइसँग कतिको मिलेको छ वा छैन? हेर्नुहोस् प्रस्थान १६ "१ इस्राएलीहरूका सारा समुदाय एलीमबाट यात्रा गरेर मिश्रबाट निस्केको दोस्रो महिनाको पन्ध्रौं दिनमा, एलीम र सीनैको बीचमा भएको सीनको उजाड़-स्थानमा आइपुगे। २ तब सारा समुदाय त्यहाँ मोशा र हारूनसित गनगनाउन लागे। ३ अनि इस्राएलीहरूले तिनीहरूलाई भने, “हामी मिश्रमा मासुका कराहीहरूका वरिपरि बसी अघाउञ्जेल खाना खान्थ्यौं। त्यसै बेला हामी परमप्रभुको हातबाट मरेका भएदेखि असल हुनेथियो। तर तपाईंहरूले हामी र हाम्रा यस जम्मै समुदायलाई भोकले मार्न उजाड़-स्थानमा ल्याउनुभएको छ।” ४ तब परमप्रभुले

मोशालाई भन्नुभयो, “म तिमीहरूका निम्ति स्वर्गबाट रोटी वर्साउनेछु।
मानिसहरूले दिनहुँ बाहिर गएर एक दिनको हिस्सा बटुलून्। यसरी तिनीहरू
मेरा आदेशमा हिंड्छन् कि हिंड्दैनन् सो म जाँच गर्न सकूँला। ५ छैटौं दिन
तिनीहरूले जत्ति बटुल्छन् त्यो तयारी पारिराखून्, र त्यो अरू दिनभन्दा दोबर
होस्।” ६ यसकारण मोशा र हारूनले सारा इस्राएलीहरूलाई भने, “बेलुकी
तिमीहरूले थाहा पाउनेछौ, कि परमप्रभुले नै तिमीहरूलाई मिश्रबाट निकालेर
ल्याउनुभएको हो। ७ अनि बिहानचाहिँ तिमीहरूले परमप्रभुको महिमा देख्नेछौ,
किनकि परमप्रभुको विरुद्धमा गरेको गनगन उहाँले सुन्नुभएको छ। हामी को हौं
र तिमीहरू हाम्रा विरुद्धमा गनगनाउँछौ?” ८ फेरि मोशाले भने, “परमप्रभुले
तिमीहरूलाई बेलुकी खानलाई मासु र बिहान अघाउञ्जेल रोटी दिनुहुनेछ,
किनभने तिमीहरूले उहाँको विरुद्ध गरेको गनगन उहाँले सुन्नुभएको छ।
हामीचाहिँ को हौं र? तिमीहरूको यो गनगन हाम्रो विरुद्धमा होइन, तर परमप्रभुको
विरुद्धमा भएको छ।” ९ तब मोशाले हारूनलाई भने, “इस्राएलीका सारा
समुदायलाई भन्नुहोस्, ‘परमप्रभुको सामु आओ, किनभने उहाँले तिमीहरूको
गनगन सुन्नुभएको छ’।” १० अनि इस्राएलका सारा समुदायसित हारून बोल्दा,
तिनीहरूले उजाड़-स्थानतिर हेरे। त्यहाँ परमप्रभुको महिमा बादलमा देखियो।
११ परमप्रभुले मोशालाई भन्नुभयो, १२ “इस्राएलीहरूको गनगन मैले सुनेको
छु। तिनीहरूलाई भन्, ‘बेलुकी तिमीहरूले मासु खानेछौ, र बिहान रोटीले
अघाउनेछौ। तब म परमप्रभु तिमीहरूका परमेश्वर रहेछु भन्ने तिमीहरूले थाहा
पाउनेछौ’।” १३ तब बेलुकी बट्टाई चराहरू आएर छाउनी नै ढाके, र
बिहानचाहिँ छाउनीका चारैतिर शीत परिरह्यो। १४ जब त्यो शीत सुक्यो तब
जमिनमा परेको तुसारोझैं स-साना डल्ला उजाड़-स्थानभरि रहेछन्। १५
इस्राएलीहरूले त्यो देखेर आपसमा भन्न लागे, “यो के हो?” किनकि तिनीहरूले
त्यो के हो भनी जान्दैनथे। मोशाले तिनीहरूलाई भने, “यो परमप्रभुले
तिमीहरूलाई दिनुभएको रोटी हो। १६ परमप्रभुले यो आज्ञा गर्नुभएको छः
‘यसबाट हरेकले आफूले खाने जति बटुल। तिमीहरूका आफ्नो-आफ्नो पालमा
हुने हरेकको निम्ति एक-एक ओमेर* बटुल’।” १७ इस्राएलीहरूले त्यसै गरे,
कसैले धेरै, कसैले थोरै बटुले। १८ जब तिनीहरूले त्यो ओमेरले नापे, तब धेरै
बटुल्नेको ज्यादा भएन र थोरै बटुल्नेको कम भएन। तिनीहरू हरेकले आफूले
खाने जति नै बटुले। १९ तब मोशाले तिनीहरूलाई भने, “कसैले पनि त्यसबाट
केही पनि बिहानसम्म नराखोस्।” २० तर तिनीहरूमध्ये कसैले मोशाको कुरा

सुनेनन्, र तिनीहरूले त्यसबाट केही भाग बिहानसम्मै राखे। तर त्यसमा कीरा लागेर गन्हाउन लाग्यो। मोशा तिनीहरूसित क्रोधित भए। २१ यसरी बिहान-बिहान तिनीहरू हरेक मानिसले आफूले खाने जति बटुल्थे, र घाम छिप्पिएपछि त्यो बिलाइहाल्थ्यो। २२ छैटौं दिनचाहिँ तिनीहरूले दोबर, अर्थात् हरेकको निम्ति दुई-दुई ओमेर बटुले, अनि समुदायका सबै नाइकेहरू आएर मोशालाई त्यो कुरा बताए। २३ तब तिनले तिनीहरूलाई भने, "परमप्रभुले अह्राउनुभएको कुरा यही होः 'भोलि विश्रामको दिन हो, परमप्रभुको निम्ति एक पवित्र शबाथ हो। जे पकाउनु छ, सो पकाओ, र जे उमाल्नु छ, सो उमाल। जति उब्रिन्छ त्यो आफ्नो निम्ति बिहानसम्मलाई राख'।" २४ मोशाले आज्ञा गरेझैं त्यो तिनीहरूले बिहानसम्मै छोड़िराखे। त्यो गन्हाएन र त्यसमा कुनै कीरा पनि लागेन। २५ तब मोशाले भने, "त्यो आज खाओ, किनकि आज परमप्रभुको निम्ति शबाथ हो। आज त्यो तिमीहरूले भूमिमा पाउनेछैनौ। २६ छ दिनसम्म तिमीहरूले त्यो बटुल, तर सातौं दिन शबाथ हो, र त्यसमा केही हुनेछैन।" २७ तरै पनि सातौं दिनमा मानिसहरूमध्ये कति जना त्यो बटुल्न गए, तर केही पाएनन्। २८ तब परमप्रभुले मोशालाई भन्नुभयो, "कहिलेसम्म तिमीहरू मेरा आज्ञा र मेरा आदेशहरू मान्न अस्वीकार गर्नेछौ? २९ याद राख, कि परमप्रभुले तिमीहरूलाई शबाथ दिनुभएको छ। यसैकारण परमप्रभुले तिमीहरूका निम्ति छैटौं दिनमा दुई दिनको भोजन दिनुहुन्छ। सातौं दिनमा तिमीहरू हरेक जहाँ छौ त्यहीं नै बसिरहनू, कुनै पनि मानिस आफ्नो डेराबाट बाहिर नजाओस्।" ३० यसकारण मानिसहरूले सातौं दिनमा विश्राम गरे। ३१ इस्राएलीहरूले त्यस रोटीको नाउँ "मन्न" राखे। त्यो धनियाँजस्तो सेतो थियो। त्यसको स्वादचाहिँ महमा बनाएको बाबरजस्तो थियो। ३२ मोशाले भने, "परमप्रभुले यो आज्ञा गर्नुभएको छः 'जुन भोजन तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउँदा उजाड़-स्थानमा तिमीहरूलाई खुवाएको थिएँ, आउने पुस्ताहरूले त्यो देखून् भनेर त्यसबाट एक ओमेर पुस्तौं-पुस्तौंसम्म राख'।" ३३ अनि मोशाले हारूनलाई भने, "एउटा भाँड़ो लिएर त्यसमा एक ओमेर मन्न हाल्नुहोस्, र आउने पुस्ताहरूका निम्ति परमप्रभुको अगाड़ि राख्नुहोस्।" ३४ तब परमप्रभुले मोशालाई आज्ञा गर्नुभएबमोजिम हारूनले गवाही-पाटीको सामु रहिरहोस् भनेर मन्न राखे। ३५ इस्राएलीहरूले मानिसले बसोबास गरेको जग्गासम्म नपुगुञ्जेल चालीस वर्षसम्म मन्न खाइरहे। कनान देशको सिमानामा नपुगुञ्जेल तिनीहरूले त्यो मन्न खाइरहे। ३६ (एक ओमेर, आधा पाथी हो)।"

## ३. करारको चिन्ह, छाप, संकेत वा निशान

**"१६ इस्राएलीहरूले शबाथ मानून्, र त्यो दिन आफ्ना सारा पुस्ताभरि अविराम वा निरन्तर करारको रूपमा मान्ने गरून्। १७ म र इस्राएलीहरूका बीचमा त्यो सदाको निम्ति एउटा चिन्ह हुनेछ, किनभने परमप्रभुले छ दिनमा आकाश र पृथ्वी बनाउनुभयो, तर सातौं दिनमा उहाँले काम छोड़ेर विश्राम गर्नुभयो र ताजा हुनुभयो'।" (नेपाली बाइबलमा ताजा हुनुभयो भन्ने वाक्यांश हटाइएको छ तर किङ्ग जेम्स र अरू अङ्ग्रेजी अनुवादहरूमा यो अंश कायम गरिएको छ-अनुवादकको थप) (प्रस्थान ३१:१६-१७)।**

साबथलाई "चिन्ह" वा "संकेत" वा "निशान" भनेर बाइबलमा त्यसको गरिमालाई औंल्याएको छ (प्रस्थान ३१:१३,१७, इजकिएल २०:१२,२०)। साबथलाई "चिन्ह" भनेर इङ्गितगर्दा खास गरेर "प्रतिक" वा चिन्ह नै होइन जसले अरू कुनैको बस्तुको नकल वा प्रतिक वा प्रतिनिधित्व गर्ने वा त्यो देखेर केही कुरा याद दिलाउँछ किनकि त्यो चिन्ह देखेपछि एउटै गुणलाई बुझाउँछ। उदाहरणमा मुठी कसेको चिन्ह र चित्रले "शक्ति" वा "अधिकार अर्थात् कतिको बलियो" भनेर देखाउँछ। बाइबलमा साबथलाई चिन्ह, छाप, संकेत वा निसान भनेर बुझाउन खोज्नुको अर्थ यो वाहिरिय छाप वा वस्तु वा कुनै अवस्था हो जसले अत्यन्तै विशेष सन्देश बुझाउन खोजेको पाइन्छ। यो कुनै खास देखिने वा देखाउन सकिने वा कोरिन सक्ने छाप हो जसले करारसँग जोडिएको छ भनेर देखाउँछ। तर साबथ परमेश्वर र इस्राएलका सन्तानकी बीचमा भएको अदृश्य हृदयको चिन्ह हो जुन सदाको निम्ति रहिरहन्छ (प्रस्थान ३१:१३)। यो मानिसबाट सृजिएको नभएर परमेश्वर आफैले बोल्नुभएको कारणले हो।

**परमेश्वरले साबथलाई करारको चिन्ह भनेर किन प्रयोग गर्नुभएको थियो? साबथमा के छ जसले गर्दा परमेश्वरबाट मुक्ति पाएको छ भनेर सम्बन्ध गाँसिराख्ने उपयुक्त चिन्ह हो त? हामीलाई थाहा छ करारको निर्णयात्मक पक्ष भनेको हामी अनुग्रहबाट मुक्ति पाउँछौं हामीहरूको काम, धर्मकर्मले होइन। यद्यपि, साबथ आफैमा के छ जसले परमेश्वरसँग हाम्रो सम्बन्ध छ भनेर असली चिन्ह हुन जान्छ? हेर्नुहोस्, उत्पत्ति २:२,३ "२ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो,**

**किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।" र हिब्रू ४:१-४ "१ यसकारण परमेश्वरको विश्राममा प्रवेश पाउने प्रतिज्ञा छँदाछँदै हामी होशियार रहौं र तिमीहरूमध्ये कोही पनि त्यस प्रतिज्ञादेखि वञ्चित नहोस्। २ किनकि हामीलाई पनि तिनीहरूलाई झैं सुसमाचार प्रचार गरिएको हो। तर सुनेको वचनले तिनीहरूलाई केही फाइदा भएन, किनकि सुन्नेहरूले विश्वासपूर्वक यिनलाई ग्रहण गरेनन्। ३ किनकि हामी विश्वास गर्नेहरूचाहिँ त त्यस विश्राममा प्रवेश गर्छौं, जसो उहाँले भन्नुभएको छ, "यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्'।" यद्यपि उहाँका कार्यहरू संसारको उत्पत्तिदेखि नै पूरा भइसकेका थिए। ४ किनकि उहाँले अरू कुनै ठाउँमा सातौं दिनको विषयमा यस किसिमले भन्नुभएको छ, "परमेश्वरले सबै कार्यहरूबाट सातौं दिनमा विश्राम लिनुभयो।"**

अचम्म लाग्दो छ कि रहेको साबथ अनुग्रहको चिन्ह हो भनेर यहूदीहरूले बुझेका थिए साथै यो मसीहले ल्याउनुहुने मुक्तिको चिन्ह भनेर पनि शताब्दीयौंदेखि स्वीकारेका थिए। साबथमा मसीहले ल्याउनुहुने मुक्तिको अग्रिम स्वाद भनेर यहूदीहरूले देखेका थिए। मुक्ति भनेको अनुग्रहबाट आउँछ भनेर हामीले बुझेको कारणले र करार भनेको अनुग्रहको करार भनेर पनि हामीले बुझेको हुनाले साबथ, मुक्ति र करारको बीचमा दौंत्य सम्बन्ध रहेको स्पष्ट छ। हेर्नुहोस्, "१२ "परमप्रभु आफ्ना परमेश्वरले आज्ञा गर्नुभएबमोजिम शबाथ-दिन पवित्र राख्न याद राख्नू। १३ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १४ तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो। त्यसमा तिमीहरूले केही काम नगर्नू– आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो" (व्यवस्था ५:१२-१५)।

यसरी इसाई भनेर दावी गर्नेहरूले साबथ केवल यहूदीहरूकोमात्र हो हामीहरूले मान्नु आवश्यक छैन भनेर सिकाएको बिपरित साबथले अनुग्रहद्वारा मुक्ति पाउने तर धर्मकर्म वा काले मुक्ति पाउने भनेर देखाउने चिन्ह, छाप वा निशान होइन।

**साबथमा बिश्राम गर्नु भन्नुको अर्थ तपाईंले कसरी बुझ्नुभएको छ? साबथमा तपाईं कसरी बिश्राम लिनुहुन्छ? त्यस दिनमा तपाईं के फरक क्रियाकलाप गर्नुहुन्छ जसे गर्दा यो तपाईं र परमेश्वरको बीचमा भएको करारको चिन्ह हो भनेर देखाउँदछ? तपाईंको जीवनमा वा जीवनशैलीमा कसैले तपाईंलाई हेरेर तपाईंको निम्ति साबथ विशेष दिन भएको उसले देख्न सक्छ र?**

## ४. पवित्र भएको चिन्ह

**"तिमीले इस्राएलीहरूलाई यसो पनि भन्नू: 'तिमीहरूले निश्चय मेरा शबाथहरू मान्नू। तिमीहरूको पुस्तौं पुस्तौंसम्म र मेरो बीचमा यो एउटा चिन्ह हुनेछ, कि म, परमप्रभु नै, तिमीहरूलाई पवित्र गर्दछु भनी तिमीहरूले थाहा पाओ" (प्रस्थान ३१:१३ रूपान्तरित-नेपाली बाइबलमा अन्यथा-अनुवादकको जिज्ञासा)।**

साबथको बारेमा परमेश्वरले दिनुभएको उहाँको मर्म लुकिएको विशेष आदेश प्रस्थान ३१:१२-१७मा छ। यो पवित्र बासस्थान निर्माण गर्न र त्यसमा हुने विभिन्न विधिहरूको स्थापना गर्न दिइएको निर्देशनहरू (प्रस्थान २५:१देखि ३१:११)भित्र समावेश भएको थियो।

"चिन्ह" भन्ने देखिने, बाहिरको व्यवहारबाट देखिने र परमेश्वर र उहाँका जनहरूको बीचमा सदासदा रहिरहने साबथको अवधारणा यस पदमा सर्बप्रथम व्यक्त गरिएको छ। यस पद आफैमा केही यस्ता आकर्षित अवधारणाहरू छन् जुन हामीले अध्ययन गर्न योग्यको छ। यहाँ दुई विचार वा धारणाहरू संगसंगै गाँसिएका छन्:

१ ज्ञान वा थाहा पाउने चिन्ह साबथ हो

२ पवित्र वा अरूभन्दा चोखो राख्ने वा त्यसको प्रत्याभूति दिने चिन्ह साबथ हो र? के ज्ञान वा "थाहा पाऊ"संग सम्बधित पक्षको चिन्ह सोच्नुहोस्। हिब्रू भाषामा ज्ञानको बोध हुनु वा ज्ञानलाई बुझ्नु भन्दा त्यसमा वौद्धिक वा वुद्धि, पारस्परिक सम्बन्ध र भावात्मक समावेश भएको हुन्छ। "थाहा पाउनु" भन्दा केवल तथ्यलाई जान्नुमात्र अर्थ लाग्दैन किनभने यस वाक्यांशमा विशेष गरेर व्यक्ति समावेश भएको हुन्छ। चिन्ने वा थाहा पाउने व्यक्तिसंग हुनुपर्ने अर्थपूर्ण सम्बन्धलाई पनि जनाउँछ। त्यसकारण *प्रभुलाई थाहा पाउनुको* अर्थ उहाँसंग ठीक वा उचित सम्बन्ध राख्ने भन्ने अर्थ देखाउँछ। उहाँलाई चिन्यौं, थाहा पायौं वा उहाँलाई जान्यौं भने हामी उहाँको "सेवा गर्छौं" (१ इतिहास २८:९),

उहाँको "भय वा उहाँको श्रद्धामय उपस्थितिको अनुभव" गर्छौं (यशैया ११:२), उहाँलाई "विश्वास गर्छौं" (यशैया ४३:१०), उहाँमाथि "भरोसा" राख्छौं र उहाँलाई "खोज्छौं वा उहाँको उपस्थितिको" चाहना गर्छौं (भजन ९:१०) र उहाँको नाउँमा "पुकार" गर्छौं (यर्मिया १०:२५)।

**माथिको अंशमा दिएका पदहरूलाई एक एक गरेर पढ्नुहोस्। परमेश्वरलाई "जान्नु", "थाहा पाउनु" वा "चिन्नु" भन्ने शब्दलाई ती पदहरूले हामीलाई कसरी बुझाउन सहयोग गर्दछ?**

त्यसको थपमा हामीलाई पवित्र वा चोखो पार्ने वा पारिराख्ने चिन्ह साबथ हो भन्ने अवधारणा पनि उल्लेखनीय छ। जो पायो त्यसैलाई होइन तर "उहाँका जनहरूलाई (लेबी २०:८) "चोखो वा शुद्ध वा दोषमुक्त" पारेर उहाँले "पवित्र" बनाउनुहुन्छ (व्यवस्था ७:६)।

शुद्ध बनाउनु वा दोषमुक्त गराउने प्रक्रिया परमेश्वरको मुक्ति दिने प्रेम हो जुन उहाँको उद्धार गर्ने र मुक्तिदिने काम पनि हो। धर्मी, सदाचारी वा नैतिकवान, दोषमुक्त र शुद्ध, चोखो राख्ने दुवै काम परमेश्वरको क्रियाकलाप होः "'म...परमप्रभु.....तिमीहरूलाई शुद्ध पार्ने हुँ'" (लेबी २०:८ रूपान्तरित)। यस प्रकारले परमेश्वरको ज्ञानले हामीलाई शुद्ध बनाउने स्थितिलाई प्रदान गर्छ भन्ने चिन्ह साबथ हुन जान्छ। "सारा मानव जगतलाई साबथ दिनुको अर्थ परमेश्वर सृष्टिकर्ता हुनुभएको हैशियतले उहाँ शुद्ध वा पवित्र पार्नुहुन्छ भन्ने चिन्ह हो।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ६, पृ. ३५०बाट रूपान्तरित।

**साबथ दिन र शुद्ध पार्ने प्रक्रियाको बारेमा सोच्नुहोस्। शुद्ध पार्नु भनेकै पवित्र बनाउनु हो वा सबै थोकभन्दा अलग र आशिष दिइएको थोक हो। साबथ पालना गरेर त्यो शुद्ध बनाउने प्रक्रिया कसरी हुन जान्छ? साबथलाई पालना गरेर प्रभु नै हामीलाई शुद्ध, चोखो, निर्दोष र पवित्र राख्नुहुन्छ भन्ने अनुभव दिलाउन परमेश्वरले हामीलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ वा गर्न दिन्छौं?**

## ५. साबथलाई याद गर

**"साबथ दिनलाई याद राख्नु, यसलाई पवित्र राख्नु" (प्रस्थान २०:८ रूपान्तरित)।**

मानिसले "सम्झिराख्न वा याद गरिराख्न" साबथ चिन्ह थियो र अझै पनि छ र पछिसम्मै रहिरहनेछ। *सम्झिनु, याद गर्नु* भन्ने शब्दले धेरै अर्थहरू बुझाउँछ। पहिलो त *सम्झिनु वा याद गर्नु* भन्ने शब्दले पछाडि हेर्नु वा विगततिर नजर राख्नु भनेर बुझाउँछ। यस सन्दर्भमा साबथले हामीलाई सृष्टिमा के भएको थियो त्यसलाई औंल्याउँछ। परमेश्वरले छ दिन काम सक्नुभएपछि साबथको गरिमालाई स्थापना गरेर साप्ताहिक बिश्रामको निम्ति र मानिसहरूको परमेश्वरसित विशेष संवाद कायम राख्न निर्णायक कदम चाल्नुभएको थियो।

याद गर्नुभन्ने आधिकारिक आदेशलाई वर्तमान समयमा पनि लागु हुन्छ। हामीले साबथलाई सम्झनु वा याद गर्नुमात्र होइन (प्रस्थान २०:८), हामीले यसलाई पालन गर्नु र राख्नु (व्यवस्था ५:१२ विभिन्न अङ्ग्रेजी अनुवादले अनुमोदन गरिएको) भनेर आदेश दिइएको छ। यसले गर्दा बर्तमान समयमा रहेका हामीहरूलाई पनि साबथको गरिमा, यसको महत्त्व र यसको उपादेयीता कायमै छ।

अन्तमा, साबथलाई सम्झनु वा याद गरिराख्नुले हामाई अगाडि वा भविष्यतिर हेर्न पनि औंल्याउँछ। जसले साबथलाई पालन गर्दै याद गरिराख्छ उसको निम्ति अर्थपूर्ण, भरिपूर्ण भविष्य साबथको प्रभुसंग बिताउने प्रतिज्ञा गरिएको छ। त्यो व्यक्ति चाहे पुरुष होस् वा स्त्री होस् परमेश्वरको करारको सम्बन्धमा रहिरहन्छ किनभने साबथको पालनाले त्यो पुरुष वा स्त्री परमेश्वरको साथमा रहिरहेको छ भनेर प्रमाणित गर्दछ। फेरि करार भन्ने शब्दले परमेश्वर र मानिसको बीचमा हुने सम्बन्धलाई जब हामी बुझ्छौं तब साबथले त्यस सम्बन्धाई मजबुत पारिराख्न धेरै सहयोग गर्दछ। साबथले परमेश्वरसँगको सम्बन्धमा विशेष महत्त्व राख्न लगाउँछ।

हो, सृष्टि र यसलाई सृष्टि गर्ने सृष्टिकर्तालाई याद गर्दा परमेश्वरका जनहरूले उहाँको अनुग्रहात्मक मुक्तिको कदमलाई पनि याद दिलाउँछ। हेर्नुहोस्, व्यवस्था ५:१३-१५ "१३ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १४ तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो त्यसमा तिमीहरूले केही काम नगर्नू– आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख।

यसैकारण परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।"

उपर्युक्त सन्दर्भमा साबथलाई मिश्रबाट परमेश्वरका जनहरूलाई मुक्त गर्नुभएको चिन्हको रूपमा लिइएको छ। यो यस्तो प्रतिक वा चिन्ह हो जसले हामीलाई आखिरमा पापको नियन्त्रणबाट मुक्ति पाउने थलो परमेश्वर नै हुनुहुन्छ भनेर देखाउँदछ। सृष्टि र पुःन सृष्टि सँगसँगै जान्छ। पहिलाको सृष्टिले पछिका नयाँ सृष्टिलाई सम्भव बनाएको छ। परमेश्वर संसारको सृष्टिकर्ता हुनुहुन्छ र उहाँ हाम्रो मुक्तिको सृष्टिकर्ता पनि हुनुहुन्छ भनेर साबथको चिन्हले सबैलाई चिन्हाउँछ।

**"साबथलाई पवित्र राखेर हामीहरू परमेश्वरको जनहरू हौं भनेर प्रमाणित गर्दछौं। परमेश्वरका आज्ञा पालन गर्ने मानिसहरू विशेष जनहरू हुन् भनेर उहाँको वचनले घोषणा गर्दछ। उहाँका जनहरू हौं भन्ने स्थितिलाई कायम राख्न साबथको चिन्हले देखाउँदछ।....स्वर्गमा शैतान र परमेश्वरको बीचमा सुरूभएको महान् विवाद वा संघर्षमा परमेश्वरका आज्ञाहरू पालन गर्नेहरू उहाँसँग एक भएर बस्नेछन्।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक २, पृ. १६०बाट रूपान्तरित।**

**प्रभुको सेवकले व्यक्त गर्नुभएको माथिको भावनालाई हेर्नुहोस्। साबथमा के छ जसले गर्दा हामीहरू परमेश्वरका आज्ञा पालन गर्ने जनहरू हौं भनेर अरूभन्दा हामी फरक हुन पुगेका छौं? अझै भनौं भने के दश आज्ञाका साबथको आज्ञामात्र हो र जसले हामी अरूभन्दा फरक भएको देखाउँछौं?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटको *द एसडिए बाइबल कमेन्टरी,* ठेली ७को ९६८-९७०मा लिखित टिप्पणी, उनीद्वारा लिखित *टेस्टिमोनिज फर द चर्च,* ठेली ६को पृ. ३४९-३५१को "द अबजरभान्स अभ द साबथ', *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. २९५-२९७को "फ्रम द रेड सी टु साइनाइ।"**

दश आज्ञाहरूमा परमेश्वर र मानिसको बीचमा र मानिस र मानिसको बीचमा सम्बन्ध कस्तो हुनुपर्छ भनेर स्पष्ट बुझ्ने गरेर र मौलिकरूपमा व्याख्या गरिएको छ। त्यस दश आज्ञाहरूको केन्द्रमा साबथ पालना गर्ने आज्ञा दिइएको छ। यसले साबथको प्रभुलाई विशेष गरि पहिचान गरिएको छ, उहाँको अधिकारको दायरा औंल्याएको छ र उहाँको स्वामित्वलाई देखाएको

छ। दुई पक्षहरू हेर्नुहोस्: (१) परमेश्वरको पहिचानः यह्वे (प्रभु), जो सृष्टिकर्ता हुनुहुन्छ (प्रस्थान २०:११, प्रस्थान ३१:१७), जसले सृष्टिमा बिशेष स्थान ओगट्नुभएको छ र (२) उहाँको अधिकार र स्वामित्वको दायरा-"स्वर्ग तथा आकाशहरू र पृथ्वी, समुद्र र त्यहाँ भएका यावत थोकहरू" (प्रस्थान २०:११, प्रस्थान ३१:१७ रूपान्तरित)। ती दुई मूख्य पक्षहरू समावेश भएको कारणले साबथको आज्ञामा अन्तराष्ट्रिय र पौराणिक मध्यपूर्बका सन्धी पत्रमा लगाउने लाहामोहरको विशिष्ट छापका स्वभावहरू उल्लेख गरिएको छ। ती सन्दीपत्रमा लगाइने लालमोहर छापहरूको केन्द्रमा यी विशिष्ट चिनारी कोरिएको हुन्थ्यो (१) देवताको पहिचान (प्रायजसो मूर्ती) र (२) स्वामित्वको क्षेत्र र अधिकारल (प्रायजसो सिमित भौगोलिक क्षेत्र)।

"पवित्र आत्माद्वारा पवित्र तथा शुद्ध पारिएकाहरूमा कोसँग परमेश्वरको छाप छ र परमेश्वरले अनुमोदन नगर्नुभएको बिश्रामको दिनलाई पालन गर्ने को रहेछ भन्ने भिन्नता देखाउँछ।

"जब परिक्षा आउँछ पशुको छाप के हो भनेर स्पष्टरूपमा देखाउँछ। यो आइतबारलाई नै साबथ दिन हो भनेर जिकिर गरेर पालना गर्नु हो।....

"हप्ताको सातौं दिनलाई उहाँको साबथ भनेर परमेश्वरले निर्धारण गर्नुभएको छ (प्रस्थान ३१:१३,१७,१६ '१३ “तिमीले इस्राएलीहरूलाई यसो पनि भन्नू: ‘तिमीहरूले निश्चय मेरा शबाथहरू मान्नू। तिमीहरू र मेरो बीचमा यो एउटा चिन्ह हुनेछ, कि म, परमप्रभु नै, तिमीहरूलाई पवित्र गर्दछु भनी तिमीहरूले थाहा पाओ।...१७ म र इस्राएलीहरूका बीचमा त्यो सदाको निम्ति एउटा चिन्ह हुनेछ, किनभने परमप्रभुले छ दिनमा आकाश र पृथ्वी बनाउनुभयो, तर सातौं दिनमा उहाँले काम छोड़ेर विश्राम गर्नुभयो’।...”१६ इस्राएलीहरूले शबाथ मानून्, र त्यो दिन आफ्ना सारा पुस्ताभरि अविराम करारको रूपमा मान्ने गरून्"')।

"यसरी परमेश्वरप्रति बफादार छ कि छैन भन्ने बीचमा धर्को तानिएको छ। जो मानिसहरू जसले आफ्नो निधारमा परमेश्वरको छाप भएको चाहना गर्छ तिनीहरूले चौथो आज्ञाले निर्धारण गरेको साबथलाई पालन गर्नैपर्छ।"- एलेन जी ह्वाइट, द एसडीए बाइबल कमेन्टरी, ठेली ७, पृ. ९८०,९८१बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ.** लेबी १९:३० पढ्नुहोस् जसमा लेखिएको छः " 'तिमीहरूले मेरो शबाथ पालन गर्नू र मेरो पवित्रस्थानको आदर गर्नू। म परमप्रभु हुँ।" यसमा पवित्रस्थान र साबथ कसरी जोडिएको छ सो सोच्नुहोस्। अहिलेसम्म साबथको बारेमा हामीले जे सिक्यौं त्यसले पवित्रस्थानसँग साबथ जोडिएको किन मनासिव देखिन्छ?

आ. तपाईंले यो प्रश्न आफैलाई सोध्नुहोस्ः के साबथ पालन गरेर परमेश्वरसँगको मेरो हिंडाइ बलियो भएको छ? यदि छैन भने मैले के परिवर्तन गर्नुपर्छ?

**सारांशः** साबथ त्यो करारको चिन्ह हो जसले अगाडि सम्पन्न हुने मुक्तिको योजनालाई देखाउँदछ। यसले सृष्टितिर औंल्याउँछ र अनुग्रहको करारको चिन्हलाई देखाउँदछ। यसले अन्तिम पुःन सृष्टितिर हामीलाई औंल्याउँछ जब परमेश्वरले सबै थोक नयाँ बनाउनुहुनेछ।

## कथा ९

## डयाङ्ग!

## आन्जरहारो, ४३, मेक्सिको

२१ वर्षको आन्जल मेक्सिको देशको चिहुआहुवा प्रदेशमा रहेको मरुभूमिमा घुम्दै थियो। उसको हातमा दुर्बिन थियो। त्यो दुर्विनले बालुवा नै बालुवाले भरिएको मरुभूमि हेर्दै थियो। उसले टाढा भएको क्याक्टस बिरुवा र झाडीहरू आफ्नो दुर्विनबाट हेर्दै थियो। अनि अचानक डयाङ्ग! आन्जलले सैनिकहरू अत्यन्तै ठूला ठूला बन्दुकहरू बोकिरहेको देख्यो। तिनीहरू आन्जल भएको ठाउँबाट सात किलोमिटर अर्थात् चार माइलमात्र थिए। तिनीहरूले बम मरुभूमिमा ठूलो आवाजसाथ बम हानेका थिए तर जहाँ त्यो पऱ्यो त्यहाँ त्यो बम पड्किएन। "त्यो बम बिस्फोट होस् प्रभु" भनेर आन्जलले प्रार्थना गऱ्यो। एकैछिनमा त्यो बम पड्कियो। त्यसको एक किलोमिटर वा आधा माइल वरिपरि भएको सबै थोक नाश गरेर जमिनमा त्यो बिस्फोट भएको थियो र आगोको मुस्लो उठेको थियो। आन्जलले सुस्केरा हाल्दै आफूलाई राहत भएको महसुस गऱ्यो। आन्जलसँग दुई जना सिपाहीँहरू पनि थिए। तिनीहरू पनि बम बिस्फोट भएपछि ढुक्क भएका थिए। हानीएको प्रत्येक बम बिस्फोट भएको छ कि छैन भनेर हेर्ने काम ती सिपाहीँहरूको थियो। ६० जना सिपाहीँहरूको जत्थाले हानेका बमहरूमा एउटापनि बिस्फोट हुन बाँकि हुनुहुँदैनथ्यो। ती सिपाहीँहरू त्यस मरुभूमिमा १५ दिनसम्म सैनिक अभ्यास गरेका थिए। त्यसपछि तिनीहरू आफ्नो सैनिक अखडा मेक्सिकोमा फर्कनु पर्दथ्यो। यो दिन तिनीहरूको अन्तिम सैनिक अभ्यासको दिन थियो। भोलिपल्ट तिनीहरू सैनिक रेलबाट सात दिन लगाएर आफ्नो अखडामा फर्किनुपर्थ्यो। आफूपनि सैनिक अखडामा फर्किने बिचारले आन्जल खुशी भएको थियो। आफू फर्केपछि आफ्नो आमाकहाँ जाने अनुमति उसले पाउने सोचेको थियो। उसकी आमाले दिएको बाइबल उसले सम्झेको थियो। सैनिक अभ्यासमा प्रत्येक रात उसले बाइबलमा येशूका कथाहरू पढ्थ्यो। उसकी आमा पाँच वर्ष अघि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गएदेखि उसको निम्ति प्रार्थना गरिरहेको उसलाई थाहा थियो। अब त्यस सैनिक अभ्यासमा बमहरू हानीरहेको देख्दा उसले प्रार्थना गर्दै थियो। एक छिनपछि डयाङ्ग! अर्को आवाज आयो। धुवाँ निकालेर बमलाई हिर्काइयो। जहाँ त्यो पऱ्यो त्यो बिस्फोट भएको थिएन। "प्रभु

त्यसलाई पड्काउनुहोस्" उसले फेरि प्रार्थना गऱ्यो। तर केही स्वर आएन। आन्जलको निधार चिन्ताले खुम्चियो। उसका दुई जना सिपाही साथीहरू रिसले मुख छोडे। तिनीहरू बिस्फोट नभएको बम कहाँ छ भनेर हेर्न जानुपर्थ्यो र भेट्टायो भने त्यसलाई बिस्फोट गर्नुपर्थ्यो। दुई घन्टा पछि सैनिक अभ्यास सकियो। आन्जल र उसका दुर जना साथीहरू नफुटेको ३३ पाउण्ड अर्थात् १५ किलोको फलामको बम खोज्न गए। बम फुट्नुपर्ने क्षेत्रमा तिनीहरू हिँड्दै थिए। त्यहाँ आन्जलले खरायो र स्यालहरू बमहरू बिस्फोट हुँदा मारिएको देख्यो। एक जना सिपाहीँले अचानक भन्यो "ल त्यो बिस्फोट नभएको बम त यहाँ पो रहेछ। यो बालुवाले पुरेको छ।" सिपाहीँहरूले त्यस बममाथि दाउरा र झाङ्गहरू थुपारे। एक जना सिपाहीँले डिजेल खन्यायो र आगो लगाइदियो। आन्जल र उसको अरू सिपाहीँ साथी एक किलोमिटर वा आधा माइल दगुरेर गएर ढुङ्गाहरूको पछि लुके। एक छिनपछि अर्को सिपाहीँ पनि तिनीहरूसँग लुक्न आयो। अनि तिनीहरू पाँच मिनेट, दश मिनेट, पन्द्र मिनेट पर्खे। "प्रभु यसलाई पड्काउनुहोस्" भनेर आन्जलले प्रार्थना गरे। बीस मिनेट पछि डयाङ्ग पड्क्यो। सिपाहीँहरू आफूहरू लुकेका ठाउँबाट बाहिर आए। हावामा बाक्लो सेतो धुवाँ उडिरहेको थियो। जब दश मिनेट पछि धुवाँ बिलायो तब सिपाहीँहरू बम बिस्फोट भएको ठाउँमा गएर त्यहाँ बमले पारेको आगो निभाउन गए। ती सिपाहीँहरू हाँसीखुशी गरेर त्यस ठाउँमा जान्दै थिए। तिनीहरूको काम फत्ते भयो अब तिनीहरू घर फर्किन पाउने भयो ठानी तिनीहरू खुशी  खुशी भएका थिए।

अनि फेरि डयाङ्ग! आन्जल भुईंमा लत्रकै लडे। उसको सातोपुत्लो गएको थियो। उसको जीवनमा त्यसबेला जस्तो डर कहिल्यै पनि लागेको थिएन। "प्रभु, हामीलाई बचाउनुहोस्, बचाउनुहोस्," आन्जलले प्रार्थना गऱ्यो। "हामीलाई सुरक्षित राख्नुहोस्।" त्यो कसरी भयो तिनीहरूले कल्पना गर्न सकेको थिएन। उनले थाहै नभएको कुरो भएको थियो। बम एक फेरा पड्केपछि सिध्दिन्थ्यो। एक फेर पड्केको बम दोस्रो पल्ट पड्किन्दैनथ्यो। एक छिनपछि सिपाहीँहरू उठे। तिनीहरूले एक आपसमा हेरे। तिनीहरूमा कुनै पनि चोटपटक लागेको थिएन। बम पड्केको बेलामा तिनीहरू केही मिटर परमात्र तिनीहरू थिए। सिपाहीँहरू खुशीले गद्गद भएर एक आपसमा अङ्गालो मारे। अनि तिनीहरू परमेश्वरप्रति आभारित भएर बालुवामा घुँडा टेके। "प्रभु धन्यवाद हामीलाई सुरक्षित राख्नुभएकोमा," आन्जलले धेरै पल्ट

धन्यवादको प्रार्थना दोहोऱ्यायो। यस दिनको घट्नाले आन्जलको जीवनमा परिवर्तन आयो। उसकी आमाले येशूको बारेमा सुनाउँदा उसले सुनिरहन थाले। उनले ध्यान दिएर बाइबल र एलेन जी ह्वाइटका पुस्तकहरू पढे। ती पुस्तकहरू उसकी आमाले सैनिक अखडामा हुलाकबाट पठाएकी थिइन्। त्यो बिस्फोट भृको दुई वर्षपछि आन्जलले आफ्नो हृदय येशूलाई सुम्प्यो र बप्तिस्मा लियो। "केवल परमेश्वरको चमत्कारीय कामलेमात्र हामी त्यस दिन बाँच्यौं," आन्जलले सुनायो। "प्रायजसो बम दुई पटक पड्किन्दैन। यसमा हामीलाई बचाउन खास गरेर परमेश्वरको हात थियो। मेरो जीवनमा परमेश्वरको योजना छ भन्ने कुरामा म विश्वस्त छु।"

आज वर्ष ४३को आन्जल मेक्सिकोको भिलाहरमोसा सेभेन्थ-डे एडभेन्टिस्ट अस्पतालको सुरक्षा र गुणस्तर हेर्ने हाकिम हुनुभएको छ। सन २०१८बाट उठेको साबथ स्कूलको भेटीले त्यस अस्पतालको भवन बिस्तार गर्न सहयोग मिलेको थियो।

**-आन्ड्र्यु मेकचेस्नी**